# विज्ञापन उत्पादन, प्रकाशन, प्रसारण र वितरणसम्वन्धी आचारसंहिता

स्वीकृत मिति: २०७९।०२।३० गते

**प्रस्तावना:** विज्ञापन व्यवसायलाई स्वच्छ, पारदर्शी, मर्यादित, प्रतिस्पर्धी बनाई विज्ञापन बजारलाई व्यवस्थित गर्न विज्ञापन उत्पादन, प्रकाशन, प्रसारण र वितरणसम्बन्धी आचारसंहिता बनाउन वाञ्छनीय भएकोले,

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा १५ को खण्ड (ग) बमोजिम विज्ञापन बोर्डले यो आचारसंहिता बनाएको छ।

## परिच्छेद — १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस आचारसंहिताको नाम "विज्ञापन उत्पादन, प्रकाशन, प्रसारण र वितरणसम्वन्धी आचारसंहिता, २०७९" रहेको छ।

(२) यो आचारसंहिता तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो आचारसंहिता दफा ३ मा उल्लिखित व्यक्ति, संस्था, निकाय वा अधिकारीलाई लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,-

(क) "अध्यक्ष" भन्नाले विज्ञापन बोर्डको अध्यक्ष सम्झनुपर्छ।

(ख) "अनुगमन उपसमिति" भन्नाले दफा २७ को उपदफा (२) बमोजिम गठित अनुगमन उपसमिति सम्झनुपर्छ।

(ग) "ऐन" भन्नाले विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ सम्झनुपर्छ।

(घ) "पुनः प्रसारक" भन्नाले टेलिभिजन सिग्नल प्रसारण गर्ने अनुमति लिएका केबल टेलिभिजन, डाइरेक्ट टु होम (डीटीएच), इन्टरनेट प्रोटोकल टेलिभजन (आईपीटीभी), मल्टीसिष्टम अपरेटर (एमएसओ), लोकल केवल अपरेटर (एलसिओ) समेतलाई सम्झनुपर्छ।

(ङ) "बोर्ड" भन्नाले ऐनको दफा १४ वमोजिम गठित विज्ञापन बोर्ड सम्झनुपर्छ।

(च) "विज्ञापन उत्पादन" भन्नाले व्यापार वा व्यवसाय प्रवर्द्धन गर्ने उद्देश्यले कुनै वस्तु, सेवा, कार्यक्रम वा अवसरका सम्वन्धमा विभिन्न सञ्चार माध्यमद्वारा

सार्वजनिकरुपमा प्रचारप्रसार गर्न विज्ञापन सामग्री निर्माण वा उत्पादन गर्ने कार्य सम्झनुपर्दछ।

(छ) "विज्ञापन प्रकाशन" भन्नाले व्यापार वा व्यवसाय प्रवर्द्धन गर्ने उद्धेश्यले विज्ञापन सामग्री पुस्तक, पत्रपत्रिका, पम्प्लेट, होर्डिङ्ग वोर्ड, बेलुन, भित्ते लेखन, पोस्टर, ब्रोस्योर, संकेत वा लिखतलगायतका माध्यमद्वारा सार्वजनिकरुपमा विज्ञापन सामग्री प्रकाशन गर्ने कार्य सम्झनुपर्छ ।

(ज) "विज्ञापन प्रसारण" भन्नाले व्यापार वा व्यवसाय प्रवर्द्धन गर्ने वा सार्वजनिक हितका लागि सर्वसाधारणलाई जानकारी गराउने उद्धेश्यले तयार पारिएको विज्ञापन सामग्रीको विद्युतीय माध्यम, दूरसञ्चार सेवा, अनलाइन सामाजिक सञ्जाल, वा अन्य कुनै पनि माध्यमबाट प्रसारण गर्ने कार्य सम्झनुपर्छ।

(झ) "विज्ञापन वितरण" भन्नाले विज्ञापन प्रकाशन वा प्रसारणका लागि सञ्चारमाध्यमहरुलाई विज्ञापन सामग्री प्रदान गर्ने कार्य सम्झनुपर्छ।

(ञ) "विज्ञापन व्यवसायमा संलग्न व्यक्ति" भन्नाले कानून बमोजिम दर्ता भएका विज्ञापनदाता, विज्ञापन एजेन्सी, आमसञ्चारमाध्यमहरुलाई सम्झनुपर्छ र यी शव्दहरुले डिजिटल वा अन्य कुनै माध्यमबाट विज्ञापन उत्पादन, प्रकाशन तथा प्रसारणसम्वन्धी काममा संलग्न व्यक्ति वा संस्थालाई जनाउँदछ।

(ट) "सामाजिक सञ्जाल" भन्नाले कुनै व्यक्ति वा संस्थालाई एक अर्कासँग अन्तरक्रियात्मक सञ्चार सम्बन्ध कायम गर्न सक्ने सुविधा वा प्रयोगकर्ताले निर्माण गरेका विषयबस्तु प्रसार गर्ने सुविधा प्रदान गर्ने विद्युतीय संजाल सम्झनु पर्दछ र सो शव्दले सूचना प्रविधिमा आधारित इन्टरनेट, फेसबुक, टवीटर, भाईबर, ह्वाट्सएप, म्यासेन्जर, ईन्स्टाग्राम, टीकटक युवट्युव, लिङ्कदेन लगायतका अन्य विद्युतीय संजाल प्रणाली समेतलाई जनाउनेछ ।

(ठ) विज्ञापन एजेन्सी भन्नाले विज्ञापनसम्वन्धी सामग्री उत्पादन, वितरण वा विज्ञापन सम्वन्धी व्यवसाय गर्ने गरी प्रचलित कानून बमोजिम स्थापना भएका फर्म, संस्था वा कम्पनी सम्झनु पर्छ ।

## परिच्छेद — २
## आचारसंहिताको पालना

३. **<u>आचारसंहिता लागू हुने:</u>** यो आचारसंहिता देहायका व्यक्ति, संस्था, निकाय वा अधिकारीलाई लागू हुनेछ ।

(क) विज्ञापन उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्ने नेपाल सरकार तथा नेपाल सरकारअन्तर्गतका निकाय वा कार्यालय, संवैधानिक अङ्ग वा त्यस अन्तर्गतका कार्यालय, सरकारी संगठित संस्था र तिनका पदाधिकारी, प्रदेश सरकार तथा प्रदेश सरकारअन्तर्गतका निकाय, स्थानीय तह तथा त्यस अन्तर्गतका कार्यालय,

(ख) वस्तु वा सेवा उत्पादन गर्ने उद्योगी, उद्योगपति, व्यापारी तथा अन्य विज्ञापनदाता, सञ्चारमाध्यमका सञ्चालक वा पदाधिकारी,

(ग) सञ्चारमाध्यममा काम गर्ने पत्रकार तथा कर्मचारी,

(घ) विज्ञापन एजेन्सी, विज्ञापन एजेन्सीका लगानीकर्ता तथा तिनमा काम गर्ने कर्मचारी,

(ङ) वस्तु वा सेवा उपभोग गर्ने वा प्राप्त गर्ने उपभोक्ता,

(च) विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण कार्यमा संलग्न व्यक्ति तथा पदाधिकारी,

(छ) विज्ञापन व्यवसायसँग प्रत्यक्ष वा अप्रत्यक्षरुपमा संलग्न अन्य व्यक्ति तथा संस्था।

## परिच्छेद — ३
## विज्ञापन व्यवसायमा संलग्न व्यक्तिको आचरण

४. **<u>विज्ञापन व्यवसायमा संलग्न व्यक्तिको आचरण:</u>** विज्ञापन व्यवसायमा संलग्न व्यक्तिले विज्ञापन व्यवसाय सञ्चालन गर्दा देहायका कार्य गर्न वा गराउन हुँदैनः

(क) नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता वा स्वाभिमान प्रतिकूल हुने, विभिन्न जात—जाति, धर्म, सम्प्रदाय, भाषा,

संस्कृतिबीचको सुसम्बन्ध र सामाजिक सद्भावमा खलल पार्ने, जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन गर्ने, सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने,

(ख) नेपालको राष्ट्रिय झण्डा, राष्ट्रिय गान, नेपालको निशाना छाप वा त्यसको कुनै वा सवै भागको दुरुपयोग वा राष्ट्रिय विभूतिको अपमान वा अवमूल्यन हुने,

(ग) नेपाल सरकार वा नेपालको संवैधानिक संरचनालाई हिंसात्मक बल प्रयोग गरी हटाउने उद्धेश्यले गर्ने,

(घ) नेपालले अवलम्वन गरेको परराष्ट्र नीति प्रतिकूल हुने,

(ङ) संयुक्त राष्ट्र संघ, यसका विशिष्टिकृत निकाय वा नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय वा क्षेत्रीय संस्थाको लोगो अनधिकृत रुपमा प्रयोग गर्ने,

(च) जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक, वैचारिक आस्था, वर्ण वा शारीरिक, मानसिक र स्वास्थ्य अवस्थाका आधारमा कसैमाथि भेदभाव हुने वा घृणा उत्पन्न गर्ने,

(छ) प्रचलित कानून बमोजिम फौजदारी कसुर मानिने कार्य गर्न वा त्यस्तो कार्य गर्न दुरुत्साहन हुने,

(ज) हातहतियार, विष्फोटक पदार्थ वा सुरक्षा सम्वेदनशील बस्तु वा पदार्थको उत्पादन, बिक्री, वितरण तथा उपयोग गर्न प्रोत्साहन गर्ने,

(झ) विपद वा शोकमा परेका, दुःख-पीडा भोगिरहेका नागरिकलाई थप पीडा पुग्न सक्ने वा सार्वजनिक संवदेनशीलता प्रतिकूल हुने कुनै पनि विवरण, चित्र, संकेतलगायतका सामग्रीको प्रयोग गर्ने,

(ञ) राजनीतिक दल विशेषलाई होच्याउने, अपमान गर्ने वा दलप्रति घृणा उत्पन्न गर्ने,

(ट) सार्वजनिक शिष्टाचार वा नैतिकता प्रतिकुल हुने,

(ठ) प्रचलित कानूनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको गोप्यता भङ्ग हुने,

(ड) विदेशी विज्ञापनलाई नेपाली भाषामा डविंग गरी प्रसारण गर्ने ।

५. ऐन वा अन्य प्रचलित कानूनमा लेखिएको कुराका अतिरिक्त देहायको विषयमा विज्ञापन गर्नु वा गराउनु हुदैनः

(क) प्रचलित कानून बमोजिम उत्पादन, बिक्री, वितरण, उपयोग वा प्रयोग गर्न निषेध गरेको कुनै बस्तु, वा सेवाको उत्पादन, बिक्री, वितरण, उपयोग वा प्रयोग गर्न प्रोत्साहन गर्न,

(ख) जुवा खेल्न वा खेलाउन, सट्टाबाजी गर्न वा गराउन वा कानूनबमोजिम अनुमति नलिएको चिट्ठा किन्न वा किन्न लगाउन,

(ग) अश्लिल सामग्री प्रस्तुति गर्न वा गराउन,

(घ) कानून बमोजिम चिकित्सकको सिफारिसमा मात्र बिक्री-वितरण गरिने औषधीको उपयोग वा सेवन गर्न,

(ङ) कानूनबमोजिम बिक्री, वितरण वा प्रयोग गर्न अनुमति लिनुपर्नेमा त्यसरी अनुमति प्राप्त भई नसकेको बस्तु वा सेवाको विज्ञापन गर्न,

(च) शैक्षिक जानकारी दिने विषय वाहेक विद्यालय वा विश्वविद्यालयका पाठ्यपुस्तकमा विज्ञापन गर्न,

(छ) अन्धविश्वासलाई प्रोत्साहन दिन,

(ज) भ्रम वा अफवाह फैल्याउने, उत्तेजना फैलाउने वा अमर्यादित व्यवहार गर्न, स्वच्छ प्रतिष्पर्धा कुण्ठित पार्न वा अरुको उत्पादित बस्तु वा सेवासँग तुलना गरी कुनै उत्पादित बस्तु वा सेवालाई कमसल वा गूणस्तरीय नभएको देखाउने गरी विज्ञापन गर्न,

(झ) कानुनबमोजिम कुनै खास बस्तु वा सेवाको लागि कुनै खास प्रक्रिया, शर्त वा मापदण्ड पालना गर्नुपर्ने गरी निर्धारण गरेकोमा त्यस्तो प्रक्रिया, शर्त वा मापदण्ड पालना नगरिएको विषयमा विज्ञापन गर्न,,

(ञ) श्रमप्रति अवहेलना गर्ने, लैंगिक विभेद वा जातीय छुवाछुतलाई बढावा दिने,

(ट) भौगोलिक संकेत, ट्रेडमार्क, पेटेन्ट, प्रतिलिपि अधिकार, डिजाईनलगायतका औद्योगिक सम्पत्तिको हकवालाको अनुमति वा स्वीकृतिबिना त्यस्तो सम्पत्तिको विज्ञापन गर्न,

(ठ) स्वदेशी उत्पादनलाई निरुत्साहित गर्न,

(ङ) निर्वाचनको स्वतन्त्रता र स्वच्छतामा प्रतिकूल असर पार्ने वा निर्वाचनमा अवरोध गर्न,

## परिच्छेद — ४

## सामाजिक मर्यादा र सद्भावसम्वन्धी आचरण

६. <u>**सामाजिक मर्यादा र सद्भावसम्वन्धी आचरणः**</u> विज्ञापन व्यवसाय सञ्चालन गर्दा वा विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्दा सामाजिक मर्यादा र सद्भाव कायम गर्न देहायको कुनै कार्य गर्न वा वा गराउनु हुदैनः

(क) कुनै पनि व्यक्ति, समुदाय वा संस्थाको ख्याति, सम्मान, मर्यादा वा सार्वजनिक हित, शिष्टाचार, नैतिकता वा जनस्वास्थ्यमा आघात पर्ने वा कुनै विषयको आधिकारिकता पुष्टि नहुने काम,

(ख) समाजमा हिंसा, निराशा, घृणा, भय, सन्त्रास वा उत्तेजना फैलाउने, हत्या, आत्महत्या, बलात्कार, दुर्घटनाजस्ता कारणबाट सृजित नग्न, क्षतविक्षत, बिभत्स दृश्य वा तस्बिर विज्ञापन सामाग्रीको रुपमा प्रयोग गर्ने काम,

(ग) सामाजिक विभेद वा घृणाका कारण उत्पन्न घटनाबाट प्रभावित वा पीडित व्यक्तिलाई नकारात्मक असर पार्न सक्ने,

७. विज्ञापन व्यवसायमा संलग्न व्यक्ति वा विज्ञापनसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न अन्य कुनै पनि व्यक्तिले विज्ञापन गर्दा वा गराउदा लैङ्गिक समानता कायम गर्न र सामाजिक विभेद अन्त्य गर्न देहायका आचरण पालना गर्नु पर्नेछः

(क) व्यक्तिको आत्मसम्मान वा मर्यादामा चोट पुग्ने गरी विज्ञापन उत्पादन, वितरण, प्रकाशन वा प्रसारण गर्नु वा गराउनु हुँदैन।

(ख) महिलालाई यौन, भोग्य बस्तु, विलासिता वा मनोरञ्जनको साधनको रुपमा विज्ञापनमा प्रयोग गर्नु वा गराउनु हुँदैन।

(ग) संवेदनशील अंग प्रदर्शन गर्ने, यौन उत्तेजना फैलाउने खालका विज्ञापन उत्पादन प्रकाशन, प्रसारण वा वितरण गर्नु वा गराउनु हुँदैन।

(घ) महिलालाई पुरुषको तुलनामा कमजोर पात्रको रुपमा प्रस्तुत वा प्रदर्शन गर्ने जस्ता विषयको विज्ञापन उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्नु वा गराउनु हुँदैन।

(ङ) लैङ्गिक समानता प्रतिकूल हुने वा लैङ्गिक हिंसालाई प्रोत्साहन दिने विज्ञापन सामग्री उत्पादन, वितरण, प्रकाशन वा प्रसारण गर्न वा गर्न लगाउन हुँदैन।

(च) दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत वर्ग, यौनिक अल्पसंख्यक वा कुनै बर्ग क्षेत्र सम्प्रदाय वा समुदायको मर्यादामा आँच आउने, अपहेलना गर्ने, अपमानित गर्ने विज्ञापन उत्पादन, प्रकाशन वा प्रसारण गर्न वा गर्न लगाउन हुदैन ।

(छ) कुनै जात, जाति, धर्म, संस्कृति, प्रथा, परम्परा वा रीतिरिवाजप्रति भ्रम सृजना गर्ने, घृणा गर्ने, अपमान गर्ने गरी विज्ञापन गर्न वा गराउन हुँदैन।

(ज) सामाजिक सद्भावमा खलल पुऱ्याउने वा सामाजिक भेदभावलाई प्रश्रय दिने गरी विज्ञापन गर्नु वा गराउनु हुँदैन।

८. विज्ञापन व्यवसायमा संलग्न व्यक्तिले बालबालिकाको सम्बन्धमा विज्ञापन उत्पादन, वितरण, प्रकाशन वा  प्रसारण गर्दा वा गराउदा बालवालिकाको सर्वोत्तम हितलाई ध्यान दिई देहायको आचरण विपरित कुनै कार्य गर्नु वा गराउनु हुदैनः

(क) बाल मष्तिष्कमा नकारात्मक असर पर्ने,

(ख) बालवालिकाको शिक्षा वा स्वास्थ्यमा नकारात्मक असर पर्ने,

(ग) बालबालिकाको शारीरिक वा मानसिक विकासमा आघात पुग्ने,

(घ) बालबालिलकाको सामाजिक विकासमा हानी पुग्ने,

(ङ) बालबालिकामा डर, त्रास, भय उत्पन्न गर्ने कुनै कार्यक्रम, विद्युतीय खेल वा चलचित्रको विज्ञापन गर्न वा गराउन,

(च) बालबालिकालाई जुवा, तास खेलाउने वा अनलाईनमार्फत बाजी लगाउने वा अन्य कुनै गैरकानूनी क्रियाकलापमा प्रोत्साहन गर्ने,

(छ) बालबालिकालाई होच्याउने, आत्मसम्मानमा चोट पुऱ्याउने प्रकृतिका विज्ञापन उत्पादन, वितरण, प्रकाशन वा प्रसारण गर्ने वा गराउने।

## परिच्छेद — ५

## उपभोक्ता हित र प्रतिस्पर्धासम्वन्धी आचरण

९. **उपभोक्ता हित र प्रतिस्पर्धासम्वन्धी आचरणः** उपभोक्ताको हित संरक्षण र प्रतिस्पर्धालाई प्रोत्साहन गर्न देहाय बमोजिमको आचरण पालना गर्नु वा गराउनु पर्नेछः

(क) बस्तु वा सेवाको लेवलमा उल्लेख भए बमोजिम गुणस्तर नभएको झुट्टा वा भ्रमपूर्ण गुणस्तरको दावी लिई विज्ञापन गर्नु वा गराउनु हुँदैन ।

(ख) विज्ञापन उत्पादन, वितरण, प्रकाशन वा प्रसारण गर्दा गराउँदा उपभोक्ताको हित र सही सूचना प्राप्त गर्ने उपभोक्ताको हकको संरक्षण गर्नु पर्दछ ।

(ग) भ्रमपूर्ण विज्ञापनको कारण उपभोक्ता ठगिएमा वा उपभोक्तालाई हानिनोक्सानी भएमा विज्ञापन व्यवसायमा संलग्न व्यक्ति जिम्मेवार हुने र त्यसबाट भएको हानीनोक्सानी वापत निजले क्षतिपूर्ति व्यहोर्नुपर्नेछ ।

१०. विज्ञापन व्यवसायमा संलग्न व्यक्तिले जनस्वास्थ्यका सम्बन्धमा विज्ञापन गर्दा वा गराउँदा देहायको आचरण पालना गर्नु पर्नेछः

(क) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने वा जनस्वास्थ्यका कार्यविधि (प्रोटोकल) विपरित हुने कुनैपनि विज्ञापन उत्पादन, वितरण, प्रकाशन वा प्रसारण गर्नु वा गराउनु हुँदैन।

(ख) औषधी वा औषधीजन्य बस्तुको प्रयोग, उपयोगिता वा प्रभावकारिता सम्बन्धमा अप्रमाणित सूचना दिने गरी विज्ञापन गर्नु वा गराउनु हुँदैन ।

(ग) कुनै खास किसिमको एउटै औषधीबाट सम्पूर्ण रोग निवारण हुने वा उपचार हुने, त्यसको ग्यारेन्टी दिने जस्ता औषधि विज्ञानले प्रमाणित नगरेका झुटा, अवैज्ञानिक विवरणयुक्त विज्ञापन उत्पादन, वितरण, प्रकाशन वा प्रसारण गर्नु वा गराउनु हुँदैन।

(घ) अनुमतिप्राप्त चिकित्सकको सिफारिसबिना औषधि, यौन उत्तेजक औषधि वा उपकरणको प्रयोग गर्न उक्साउने, लोभ्याउने विज्ञापन गर्नु वा गराउनु हुँदैन।

(ङ) कुनै पनि माध्यमबाट सूर्तीजन्य वा मादक पदार्थको विज्ञापन गर्नु वा गराउनु हुँदैन।

(च) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गरी निषेधित विषादी वा कीटनाशकको विज्ञापन गर्नु वा गराउनु हुँदैन।

(छ) उपचार विधि र प्रयोगका सम्वन्धमा प्रयोगकर्ता वा विज्ञबाट भ्रमपूर्ण वा झुट्टा व्यहोरा प्रस्तुत गराई विज्ञापन गर्नु वा गराउनु हुँदैन।

(ज) मानव अङ्ग बढाउने, उचाइ बढाउने वा शारिरीक तौल घटाउने वा बढाउने भन्ने जस्ता औषधी विज्ञानले प्रमाणित नगरेका विषयका विज्ञापन उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्नु वा गराउनु हुँदैन।

११. विज्ञापन व्यवसायमा संलग्न व्यक्तिले खाद्य वा अन्य उपभोग्य वस्तुको विज्ञापन गर्दा वा गराउँदा देहायका आचरण पालना गर्नु पर्नेछः

(क) खाद्य वस्तुको गुण, परिमाण, खाद्य पदार्थमा मिश्रित तत्व तथा त्यसमा निहित पोषण तत्व, उत्पादन मिति, उपभोग गरिसक्नु पर्ने अवधि, मूल्यका विषयमा झुट्टा विवरण समावेश गरी विज्ञापन उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्नु वा गराउनु हुँदैन।

(ख) विभिन्न रङ्ग र कृत्रिम स्वादमा उत्पादित पेय पदार्थबाट हुने हानीको सम्वन्धमा सचेतना मूलक सन्देश समावेश नगरी विज्ञापन उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्नु वा गराउनु हुँदैन।

(ग) खाद्य तथा पोषणविद्को सिफारिसबिना खाद्यपुरक बस्तु (माईक्रो न्यूट्रियन्ट) तथा शक्तिवर्धक भनी कुनै पनि बस्तुको प्रयोग गर्न उक्साउने, लोभ्याउने खालका विज्ञापन गर्नु वा गराउनु हुँदैन।

१२. विज्ञापन व्यवसायमा संलग्न व्यक्तिले बजारमा प्रतिस्पर्धा प्रवर्द्धन गर्न वा गराउन देहायको आचरण पालना गर्नु पर्नेछः

(क) कुनै बस्तु वा सेवाको उत्पादन वा वितरण गर्ने व्यक्ति वा संस्थाले समान प्रकृतिको बस्तु वा सेवा उत्पादन वा वितरण गर्ने अर्को व्यक्ति वा संस्थाको उत्पादनलाई भ्रमित गर्ने उद्देश्यले भ्रमपूर्ण विज्ञापन उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्नु वा गराउनु हुँदैन।

(ख) कुनै पनि बस्तु वा सेवाको वास्तविक गुण, परिमाण, लाभ, प्रयोग समायावधि, मूल्यलगायतका तथ्य फरक गरी भ्रमपूर्ण वा झुट्टा विवरण दिई विज्ञापन उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्नु वा गराउन हुँदैन।

(ग) प्रतिष्पर्धालाई कमजोर र निरुत्साहित गर्ने तथा बजारमा आफ्नो बस्तु वा सेवाको एकाधिकार कायम गर्ने गरी विज्ञापन उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्नु वा गराउनु हुँदैन ।

## परिच्छेद — ६

## स्थलगत विज्ञापनसम्बन्धी आचरण

१३. विज्ञापन व्यवसायमा संलग्न व्यक्तिले स्थलगत (होर्डिङ्गबोर्ड) बाट विज्ञापन गर्दा वा गराउदा देहायको आचरण पालना गर्नु वा गराउनु पर्नेछः

(क) प्रचलित कानुन, नियम, स्थानीय तहले तोकेको मापदण्ड, कार्यविधि वा प्रक्रियाअनुरुप पूर्व स्वीकृति लिई स्थलगत विज्ञापन वा परिचयपाटी राख्नु पर्दछ।

(ख) शहरी तथा स्थानीय सौन्दर्यता प्रतिकूल असर पार्ने, च्यातिएका वा खुइलिएका वा होर्डिङ्गबोर्ड वा परिचयपाटी सम्वन्धित व्यक्तिले यथाशीघ्र हटाउनु वा त्यसमा सुधार गर्नु पर्दछ ।

(ग) शहरी तथा स्थानीय सौन्दर्यमा प्रतिकूल असर पार्ने पर्चा, पम्प्लेट, ब्यानर, टाँस्न वा छर्न, भित्ते लेखन गर्न वा होडिङ्गबोर्ड राख्न सकिने छैन।

(घ) शहर वा राजमार्ग आसपासका क्षेत्रका दृश्यमा दिग्भ्रमित गराउने, सवारी दुर्घटना बढाउने, झिंझाहट पैदा गर्ने, रातको समयमा अत्यधिक चम्किलो प्रकाश दिने वा सवारी आवागमनमा असर पार्ने, सडक तथा सडकपेटीका खम्बा, पुल, आकासे पुल, सडक किनाराका रुख विरुवा वा सडकको सौन्दर्यता खलल पार्ने होर्डिङ्गबोर्ड, पर्चा, पम्प्लेट, पोष्टर राख्न हुँदैन ।

(ङ) होर्डिंग बोर्ड राखिने फोटो, दृश्य तथा भाषा शैली शिष्ट र मार्यादित हुनु पर्दछ ।

(च) देहाय वमोजिम हुने गरी होर्डिङ्गबोर्डबाट विज्ञापन गर्नु वा गराउनु हुदैनः

(१) सडक पेटी वा सार्वजनिक स्थानमा सर्वसाधारणलाई आवतजावतमा बाधा वा असुविधा हुने वा सर्वसाधारणको जीउ, ज्यान वा सम्पत्तिमा जोखिम हुने,

(२) शहर वा अन्य सार्वजनिक स्थानको प्राकृतिक, साँस्कृतिक वा वास्तुकलाको सौन्दर्यमा प्रतिकूल हुने,

(३) धार्मिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक स्थल वा विश्वसम्पदा सूचीमा सूचिकृत स्थानहरुको मौलिक स्वरुप वा संस्कृति छोप्ने वा ढाक्ने वा त्यसको स्वाभाविक वा प्राकृतिक दृश्य वा सौन्दर्यमा प्रतिकूल हुने,

(४) भौतिक संरचनाको झ्याल तथा ढोका छेकी कसैको घरमा हावा वा प्रकाश आउन वाधा पुग्ने,

(५) स्थानीय तहले अनुमति दिएको स्थानमा वाहेक अन्य स्थानमा होर्डिङ्गबोर्ड राख्ने,

(६) निर्धारित आकार प्रकार भन्दा फरक आकार प्रकार तथा गुणस्तरको होर्डिङ्गबोर्ड राख्ने,

(७) सवारीसाधनको आवागमनमा कठिन (जाम) हुने, पैदल यात्रीले हिड्ने मार्ग वा बारम्बार सडक दुर्घटना हुने ठाउँमा विज्ञापन गर्ने,

(८) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने वा प्रचलित कानून बमोजिम निषेध गरिएको मदिरा वा सुर्तीजन्य पदार्थको प्रचार गर्ने उद्धेश्यले स्थलगत विज्ञापन गर्ने।

## परिच्छेद — ७

## विज्ञापन उत्पादनसम्वन्धी आचरण

१४. **<u>विज्ञापन उत्पादनसम्वन्धी आचरणः</u>** विज्ञापन उत्पादन गर्दा देहाय बमोजिमका आचरण पालना गर्नु पर्नेछः

(क) विज्ञापन उत्पादन गर्दा मौलिकता, सिर्जनशीलता तथा व्यवसायिकतालाई प्रोत्साहन गर्नु पर्दछ,

(ख) विज्ञापनमा प्रयोग गर्ने भाषा, बोली, संवाद, संकेत, चिन्ह, हाउभाउ वा अभिनय शिष्ट र मर्यादित हुनुपर्दछ,

(ग) आधिकारिक, प्रामाणिक तथा तथ्यमा आधारित विज्ञापन उत्पादन गर्नु वा गराउनु पर्नेछ,

(घ) आफूले उत्पादन गरेको बस्तु वा सेवा मात्र गुणस्तरीय र उपयुक्त भन्ने, गलत, भ्रामक र दुषित तथा प्रतिस्पर्धा कुण्ठित गर्ने विज्ञापन उत्पादन गर्न वा गराउन हुँदैन,

(ङ) अरु कसैको नक्कल गरी वा प्रतिलिपि अधिकार प्रतिकूल हुने गरी विज्ञापन उत्पादन गर्नु, अरुको सिर्जनालाई आफ्नो भनी दावी गर्नु वा गराउनु हुँदैन ।

(च) विज्ञापन उत्पादन गर्दा वस्तु वा सेवाको मात्र परिचय नगरी विज्ञापनदाताको पनि परिचय स्पष्ट उल्लेख गर्नु पर्दछ ।

(छ) सचेत गराउनु पर्ने कुनै सूचना भए सोको स्पष्ट देखिने वा बुझिने गरी विज्ञापन उत्पादन गर्नु वा गराउनु पर्दछ ।

(ज) बस्तु वा सेवाको वास्तविक गुण, परिमाण वा मूल्यभन्दा फरक हुने गरी भ्रमपूर्ण वा झुट्टा विवरण दिई विज्ञापन उत्पादन गर्नु वा गराउन हुँदैन ।

(झ) विज्ञापन उत्पादन गर्दा उपभोक्ताको हित संरक्षण हुने, सकारात्मक सन्देश प्रवाह हुने प्रकृतिका विज्ञापन निर्माण वा उत्पादन गर्नु वा गराउनु पर्दछ।

(ञ) दोहोरो वा नकारात्मक अर्थ लाग्ने वा भ्रम सिर्जनागर्ने विज्ञापन उत्पादन गर्नु वा गराउनु हुँदैन।

(ट) विज्ञापन उत्पादन गर्दा उत्पादनमा संलग्न स्रष्टा, सर्जक वा कलाकारसँग लिखित सम्झौता गरी सम्झौता बमोजिमको पारिश्रमिक वा सुविधा निजलाई उपलव्ध गराउनु पर्दछ ।

१५. सञ्चारमाध्यमबाट प्रसारण हुने विज्ञापन उत्पादन गर्नु अघि बोर्डबाट अनुमति लिन चाहेमा आलेख (स्क्रिप्ट) र कथा बस्तु, स्टोरी सहित बोर्डमा निवेदन दिनु पर्नेछ।

१६. स्वदेशी वा विदेशी विज्ञापन प्रसारण गर्नुअघि बोर्डबाट परीक्षण गराउनु पर्नेछ।

१७. विज्ञापन उत्पादन गर्दा श्रृजनात्मक कार्य गर्ने विज्ञापन एजेन्सीसँग सम्झौता गरी निज मार्फत गर्नु वा गराउनु पर्दछ।

१८. श्रृजनात्मक कार्य गर्ने विज्ञापन एजेन्सीमार्फत उत्पादन भएका विज्ञापनको प्रतिलिपि अधिकार श्रृजनशील काम गर्ने एजेन्सीको हुनेछ।

## परिच्छेद —८

## विज्ञापन वितरणसम्वन्धी आचरण

१९. **<u>विज्ञापन वितरणसम्वन्धी आचरण:</u>** विज्ञापन वितरण गर्दा देहायका आचरण पालना गर्नु वा गराउनु पर्दछ ।

(क) कानूनबमोजिम दर्ता भई बोर्डमा सूचीकृत सञ्चारमाध्यममा मात्र विज्ञापन प्रकाशन वा प्रसारण गर्नु वा गराउनु पर्दछ ।

(ख) कानूनबमोजिम दर्ता भई बोर्डमा सूचीकृत विज्ञापन एजेन्सीमार्फत मात्र विज्ञापन उत्पादन, वितरण, प्रकाशन वा प्रसारण गर्नु गराउनु पर्दछ ।

(ग) विज्ञापनदाताले विज्ञापन प्रकाशन वा प्रसारण गर्दा वा गराउँदा सञ्चारमाध्यम, प्रकाशन वा प्रसारण गर्ने स्थान, आकार तथा समय र समयावधि स्पष्ट खुल्ने गरी पठाउनु पर्दछ र विज्ञापन एजेन्सीले पनि विज्ञापनदाताले निर्धारण गरे अनुसारको सञ्चारमाध्यम र समय तथा स्थानमा विज्ञापन प्रकाशन वा प्रसारण गर्नु वा गराउनु पर्दछ।

(घ) विज्ञापन वितरण गर्दा स्वदेशी सञ्चारमाध्यमलाई प्राथमिकता दिनु पर्दछ।

(ङ) विदेशी सञ्चारमाध्यम वा सामाजिक सञ्जालमा विज्ञापन प्रकाशन वा प्रसारण गर्नु पर्ने भए सोको कारण खुलाइ बोर्डबाट अनुमति लिई वितरण गर्नु वा गराउनु पर्दछ।

(च) विज्ञापन उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्ने विज्ञापन एजेन्सी परिवर्तन गर्दा साविकको एजेन्सीबाट सहमतिपत्र वा कारोवार चुक्ता गरेको हुनु पर्दछ।

(छ) विज्ञापनदातालाई भ्रममा पारी विज्ञापन लिने, जबर्जस्ती विज्ञापन गर्न लगाउने, विज्ञापनदातालाई गलत सूचना दिई अमुक सञ्चारमाध्यमलाई लाभ हुने काम गर्नु वा गराउनु हुँदैन ।

(ज) कानूनबमोजिम अन्यथा भएकोमा बाहेक स्थानीय वा प्रदेशस्तरका विज्ञापन सम्भव भएसम्म स्थानीय वा प्रदेशस्तरका सञ्चारमाध्यममा प्रकाशन वा प्रसारणमा प्राथमिकता दिनु पर्दछ।

(झ) सार्वजनिक निकायले विज्ञापन वितरण गर्दा देहायको आचरण पालना गर्नु वा गराउनु पर्दछः

(१) बोर्डले निर्धारण गरेको मापदण्डको आधारमा समानुपातिक किसिमले विज्ञापन वितरण गर्नु पर्दछ।

(२) उपखण्ड (१) बमोजिम विज्ञापन वितरण गर्दा पिछडिएको, दुर्गम वा भौगोलिक क्षेत्रमा सञ्चालित सञ्चारमाध्यमलाई प्राथमिकता दिनु पर्दछ।

(३) कुनै एजेन्सीले आफैले उत्पादन गरेका कार्यक्रममा मात्र विज्ञापन गर्न विज्ञापनदातालाई प्रभावित गर्नु वा गराउनु हुदैन ।

## परिच्छेद — ९

## विज्ञापन प्रकाशन तथा प्रसारणसम्वन्धी आचरण

२०. **<u>विज्ञापन प्रकाशन तथा प्रसारण सम्बन्धी आचरण:</u>** विज्ञापन प्रकाशन वा प्रसारण गर्ने छापा, विद्युतीय, अनलाइन, सामाजिक सञ्जाल, स्थलगत विज्ञापन तथा वा अन्य सञ्चारका माध्यम वा विज्ञापन गर्ने बस्तु वा साधनमा विज्ञापन गर्ने व्यक्ति वा संस्थाले देहायका आचरण पालना गर्नु वा गराउनु पर्नेछ ।

(क) विज्ञापनकर्ताको नाम, ठेगाना तथा निजको आधिकारिकताको बिषयमा स्पष्ट जानकारी भएपछि मात्र विज्ञापन गर्नु वा गराउनु पर्दछ ।

(ख) विज्ञापनदाताले प्रवर्द्धन गर्न खोजेको बस्तु वा सेवा उत्पादनको आधिकारिकता र उत्पादकको परिचय स्पष्ट नभई त्यस्तो बस्तु वा सेवाको विज्ञापन उत्पादन, प्रकाशन वा प्रसारण गर्नु वा गराउनु हुँदैन ।

(ग) विज्ञापनदाताको विवरण खुल्न नसकी अनाधिकृत विज्ञापन प्रकाशन वा प्रसारण भएकोमा त्यसबाट कसैलाई कुनै हानी नोक्सानी वा क्षति भएमा त्यस्तो विज्ञापन प्रकाशन वा प्रसारण गर्ने सञ्चारमाध्यम जिम्मेवार हुनुपर्नेछ।

(घ) विज्ञापन सङ्कलन वा सम्प्रेषणगर्दा वा गराउँदा अनुचित प्रभाव पार्न खोज्ने विज्ञापनदाता, प्रायोजक, समाचारका स्रोत, व्यक्ति वा समूह कसैको पनि प्रत्यक्ष वा परोक्ष दवाव वा प्रलोभनमा पर्नुहुँदैन ।

(ङ) विज्ञापन प्रकाशन वा प्रसारण गर्दा सञ्चारमाध्यमले देहायका आचरण पालना गर्नु पर्नेछः

(१) विज्ञापनदाताले निर्धारण गरेको माध्यम, स्थान, आकार तथा समय र समयावधिभित्र विज्ञापन प्रकाशन वा प्रसारण गर्नु पर्नेछ।

(२) विज्ञापनदाताले पठाएको विज्ञापनमा हेरफेर, थपघट वा कुनै प्रकारको संशोधन गरी प्रकाशन वा प्रसारण गर्न हुँदैन ।

तर प्रकाशन वा प्रसारणको बखत प्राविधिक कारणले कुनै त्रुटि वा गल्ती भएको वा अन्यथा हुन गएको भए सो कुरा थाहा पाउने वित्तिकै त्यस्तो विज्ञापन सच्याएर निःशुल्क पुनः प्रकाशन वा प्रसारण गर्नु पर्नेछ।

(३) विज्ञापन छापेको पृष्ठ वा अंक बजारमा नपठाउने वा गायव गर्ने वा निश्चित स्थानमा मात्र पठाई अन्यत्र जानबाट रोक लगाउने, मिति परिवर्तन गरी विज्ञापन वा सूचना प्रकाशन गर्ने काम गर्नु वा गराउनु हुँदैन।

(४) विज्ञापनलाई समाचार वा कार्यक्रमको रुपमा प्रस्तुत गर्नु वा गराउनु हुँदैन।

(५) विज्ञापन सामग्रीलाई समाचार, कार्यक्रम, लेख, रचना, विचार वा प्रायोजित सामग्रीको रुपमा सम्प्रेषण, प्रकाशन वा प्रसारण गर्नु वा गराउनु हुँदैन।

(६) विज्ञापनदातालाई विज्ञापन दिन वाध्य पार्ने, कुनै एक सञ्चारमाध्यमलाई विज्ञापन दिएको आधारमा विज्ञापन दिन दवाव दिने वा वार्गेनिंग गर्ने वा विज्ञापन नदिएको कारण प्रतिशोध लिने र नकारात्मक समाचार वा सूचना सम्प्रेषण गर्नु वा गराउनु हुँदैन।

(७) विज्ञापन बोर्डबाट परीक्षण अनुमति प्राप्त नगरी विज्ञापन प्रसारण गर्नु वा गराउनु हुँदैन।

(८) जनहित वा सार्वजनिक हितसम्वन्धी विज्ञापन आफैले उत्पादन गरी प्रकाशन वा प्रसारण  गर्दा आधिकारिक सूचना सम्प्रेषण हुने सुनिश्चित गर्नुपर्नेछ।

(९) सञ्चारमाध्यमले विज्ञापनलाई व्यवस्थित र प्रभावकारी बनाउन निश्चित रकम अग्रिम धरौटी लिई आधिकारिक विज्ञापन एजेन्सी नियुक्त गर्न र त्यस्तो एजेन्सीमार्फत कारोवार गर्नु वा गराउनु पर्नेछ।

(१०) स्वदेशी वा विदेशी प्रसारण च्यानलको पुनः प्रसारकले विज्ञापन प्रसारण गर्नु वा गराउनु हुँदैन।

(११) बोर्डले निश्चित समयमा मात्र प्रसारण गर्न पाउने गरी विज्ञापन प्रसारण अनुमति दिएको विज्ञापन निर्धारित समय वाहेक अन्य समयमा प्रसारण गर्नु वा गराउन हुँदैन।

२१. सामाजिक सञ्जालमार्फत विज्ञापन सम्प्रेषण गर्ने व्यक्तिले देहाय बमोजिमको आचरण पालना गर्नु पर्नेछः

(क) विज्ञापन प्राप्त गर्ने व्यक्तिको मञ्जुरीबिना कसैले पनि सामाजिक सञ्जाल, मोबाइल एप्स वा अन्य कुनै प्रकारका एप्समार्फत विज्ञापन पठाउन हुँदैन।

(ख) बोर्डको पूर्व अनुमतिबिना इन्टरनेटमा आधारित माध्यममार्फत विज्ञापन गरी विदेशी मुद्रा विदेश पठाउनु हुँदैन।

(ग) कानूनबमोजिम निषेध गरेका वा रोक लगाएका वा यस आचारसंहिता विपरित हुने विज्ञापन  वा सूचना समाजिक सञ्जालमार्फत प्रकाशन वा प्रसारण गर्नु वा गराउनु हुँदैन।

(घ) आफ्नो वास्तविक परिचय लुकाई वा सामाजिक सञ्जलाको नक्कली परिचय (आईडी) निर्माण गरी वा अर्को व्यक्तिको परिचय अनाधिकृत रुपमा प्रयोग

गरी समाजिक सञ्जाल प्रयोगकर्ताले कुनै प्रकारका विज्ञापन गर्नु वा गराउनु हुँदैन।

(ङ) अनुमति नलिई सामाजिक सञ्जालमा विज्ञापन प्रकाशन, प्रसारण तथा वितरण गर्न वा गराउन वा त्यस्तो विज्ञापन र सोसँग सम्बन्धित सामाग्रीलाई शेयर गर्न वा सम्प्रेषण गर्न हुँदैन।

२२. दूरसञ्चार सेवा प्रदायकले विज्ञापन प्रसारण गर्दा सार्वजनिक हित तथा लोककल्याणकारी विज्ञापन वाहेकका अन्य विज्ञापन आफ्नो नेटवर्कमा पठाउनु वा प्रवेश गराउनु हुँदैन।

तर आफ्ना उत्पादन र सेवा सम्बन्धी बिषयमा जानकारी दिन र कुनै जनसरोकारको विषयमा तत्काल सर्वसाधारणलाई सूचना नदिंदा जनधनको क्षति, हानी, नोक्सानी वा सर्वसाधारणलाई असुविधा हुने अवस्था भएमा त्यस्तो सूचना सम्प्रेषण गर्न कुनै बाधा पर्ने छैन ।

## परिच्छेद — १०
## पारदर्शीता सम्वन्धी आचरण

२३. **<u>पारदर्शीतासम्वन्धी आचरणः</u>** विज्ञापन व्यवसायलाई मर्यादित पारदर्शी र विश्वसनीय बनाउन देहाय बमोजिमका आचरण पालना गर्नु पर्नेछ।

(क) सञ्चारमाध्यमले आफ्नो पहुँच, प्रभाव र लोकप्रियताका आधारमा दररेट निर्धारण गरी सार्वजनिक गर्नु पर्दछ र त्यस्तो दररेट बोर्डलाई समेत उपलव्ध गराउनु पर्दछ।

(ख) विज्ञापनदाता, विज्ञापन एजेन्सी, विज्ञापन प्रकाशन वा प्रसारण गर्ने सञ्चारमाध्यमले खण्ड (क) बमोजिमको दररेटमा कारोवार गर्नु वा गराउनु पर्दछ ।

(ग) बार्षिक कारोवारको आधारमा कसैलाई बोनस प्रदान गर्नु पर्ने भएमा त्यसको विवरण वेवसाईटमा प्रकाशन गरी बोर्डलाई जानकारी गराए पछि मात्र कार्यान्वयन गर्नु वा गराउनु पर्दछ।

(घ) प्रकाशन वा प्रसारणगृहले आफ्ना प्रकाशन वा प्रसारणको अभिलेख सम्वन्धित विज्ञापनदाता, विज्ञापन एजेन्सी वा बोर्डले मागेको बखत उपलव्ध गराउने गरी

सुरक्षित राख्नु पर्दछ र बोर्ड वा अन्य सम्बन्धित अधिकार प्राप्त निकायले प्रयोजन खुलाई माग गरेका वखत त्यसको विवरण र अभिलेख पेश गर्नु पर्दछ।

(ङ) विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमले बोर्डले निर्धारण गरेको ढाँचामा त्रिपक्षिय सम्झौता गर्नु पर्दछ ।

२४. विज्ञापन व्यवसायमा संलग्न व्यक्तिले विज्ञापनको करोवार गर्दा देहायको आचरण पालना गर्नुपर्दछः

(क) एउटा विज्ञापन एजेन्सीलाई प्राप्त भएको विज्ञापन अन्य विज्ञापन एजेन्सीमा पठाई विज्ञापन दरमा परिर्वतन गर्ने वा गराउने कार्य गर्नु वा गराउनु हुँदैन।

(ख) कुनै एक विज्ञापन एजेन्सीले कुनै सञ्चारमाध्यमको समय वा स्थान खरिद गरी विज्ञापन प्रकाशन वा प्रसारण गरेमा त्यस्तो एजेन्सीले निर्धारण गरेको दरलाई नै सञ्चारमाध्यमको दर मानी कारोबार गर्नु पर्दछ ।

(ग) विज्ञापनसम्वन्धी कारोवारको विवरण स्पष्ट र पारदर्शी रुपमा राख्नुपर्दछ र सम्बन्धित निकाय र बोर्डले मागेको समयमा उपलब्ध गराउनुपर्दछ ।

(घ) सार्वजनिक निकायले सञ्चारमाध्यममा पठाएको विज्ञापन वा सूचना आफ्नो वेबसाईट र सूचनापाटीमा पनि प्रकाशन गर्नु वा गराउनु पर्दछ।

(ङ) एउटै एजेन्सीले विज्ञापन उत्पादन, वितरण वा मिडिया प्लानिङ्ग जस्ता एकभन्दा बढी कार्यहरु गरेको अवस्थामा प्रत्येक कामको छुट्टाछुट्टै विज्ञापन शुल्क खुल्ने गरी विज्ञापनदाता र सञ्चारमाध्यमसँग लिखित सम्झौता गर्नु पर्दछ।

२५. विज्ञापनदाता वा विज्ञापन एजेन्सीले विज्ञापन वितरण गर्दा वा गराउँदा देहायको आचरण पालना गर्नु पर्दछः

(क) विज्ञापनबापतको शुल्क रकम स्पष्ट खुल्ने गरी विज्ञापन एजेन्सीसँग सम्झौता गर्नु पर्दछ।

(ख) विज्ञापन उपलव्ध गराउने सञ्चारमाध्यम तथा त्यसको विज्ञापन शुल्क दर र स्थान यकीन गरी विज्ञापन वितरण गर्नु पर्दछ ।

## परिच्छेद — ११

## विज्ञापन बापतको भुक्तानीसम्वन्धी आचरण

२६. **<u>विज्ञापन बापतको भुक्तानीसम्वन्धी आचरणः</u>** विज्ञापनको भुक्तानी प्रक्रियालाई पारदर्शी र समयसापेक्ष बनाउन विज्ञापन करोवारमा संलग्न व्यक्तिले देहायको आचरण पालना गर्नु पर्दछः

(क) विज्ञापनदाताले विज्ञापन प्रकाशन वा प्रसारण बापतको रकम भुक्तानी गर्दा निर्धारित समय र स्थानमा विज्ञापन प्रकाशन वा प्रसारण भए वा नभएको यकिन गरी सञ्चारमाध्यमको बिजकको प्रतिलिपि तथा एजेन्सीको कमिशन खुल्ने बिजकको आधारमा भुक्तानी दिनु पर्दछ।

(ख) विज्ञापनदाताले सम्झौता अनुसारको रकम सम्झौतामा उल्लिखित अवधिभित्र र प्रकाशन वा प्रसारण आदेशको आधारमा प्रकाशित वा प्रसारित विज्ञापनको भुक्तानीको रकम विज्ञापन एजेन्सीलाई बिल, बिजक प्राप्त भएको मितिले तीस दिनभित्र र विज्ञापन एजेन्सीले सम्बन्धित सञ्चारमाध्यमलाई बिल, बिजक प्राप्त भएको मितिले साठी दिनभित्र गर्नु पर्दछ ।

(ग) विज्ञापनदाता, विज्ञापन एजेन्सीले सञ्चारमाध्यमलाई भुक्तानी गर्नु पर्ने रकम समयमा भुक्तानी नगरी अन्य एजेन्सी वा सञ्चारमाध्यममा कारोबार गरेमा वा गरेको जानकारीमा आएमा बोर्डले त्यस्तो विज्ञापनदाता र विज्ञापन एजेन्सीको विज्ञापन प्रकाशन वा प्रसारणमा रोक लगाउने निर्णय गर्न सक्नेछ ।

(घ) बोर्डले खण्ड (ग) बमोजिम रोक्का गरिएको विज्ञापनदाता वा विज्ञापन एजेन्सी वा त्यसका सञ्चालक संलग्न अन्य संघ, संस्था तथा एजेन्सीको विज्ञापन करोवारमा समेत रोक लगाउने निर्णय गर्न सक्नेछ ।

(ङ) प्रकाशन वा प्रसारण नै नभएको सूचना वा विज्ञापन प्रकाशन वा प्रसारण भएको भनी प्रमाणपत्र जारी गरी विज्ञापन शुल्कको भुक्तानी प्राप्त गर्नु वा गराउनु हुँदैन ।

(च) विज्ञापन वा सूचना प्रकाशन वा प्रसारण वापत अग्रीम भुक्तानी गरेको अवस्थामा नगद छुट दिन सकिने र त्यस्तो छुटको जानकारी उल्लेख गरी रसिद जारी गर्नु पर्दछ ।

(छ) निर्धारित पटक भन्दा कम पटक विज्ञापन प्रकाशन वा प्रसारण गरेमा दामासाहीले हुन आउने रकम मात्र भुक्तानी लिनु र दिनुपर्दछ । निर्धारित स्थान वा समय भन्दा फरक स्थान र समयमा प्रकाशन तथा प्रसारण भएमा विज्ञापनदाताको सहमतिमा मात्र प्रकाशन वा प्रसारण भएको स्थान तथा समयकै दरमा भुक्तानी लिन र दिन सकिनेछ ।

(ज) कानूनबमोजिम वाहेक थप आर्थिक लाभ लिन दिन हुँदैन र विज्ञापन एजेन्सीले सेवा शुल्कको अतिरिक्त अन्य कुनै प्रकारका छुट वा लाभ लेनदेन गर्न कसैलाई बाध्य गर्नु हुँदैन ।

(झ) विज्ञापनको कारोवार गर्ने एजेन्सीले त्यस्तो कारोवार गर्दा सञ्चारमाध्यमले निर्धारण गरेको रकम धरौटी राखी कारोवार गर्न वा गराउन सकिनेछ।

(ञ) विज्ञापन एजेन्सीले कमिशनको रकम बजार अनुसन्धान, योजना, विश्लेषण तथा क्षमता विकास र सिर्जनात्मक काममा खर्च गर्नु पर्दछ ।

## परिच्छेद — १२

## अनुगमन, उजुरी तथा कारवाही

२७. **आचारसंहिताको अनुगमनः** (१) यस आचारसंहिताको पालना भए वा नभएको सम्बन्धमा बोर्डले अनुगमन गरी कार्यान्वयन गर्नेछ ।

(२) बोर्डले उपदफा (१) बमोजिम अनुगमन गर्न ऐनको दफा ३३ को उपदफा (१) को प्रयोजनका लागि देहायको एक अनुगमन उपसमिति गठन गर्नेछः

(क) अध्यक्ष वा बोर्डले तोकेको एकजना सदस्य - संयोजक

(ख) विज्ञापन उत्पादन, वितरण, प्रकाशन वा प्रसारण क्षेत्रमा बोर्डले नियुक्त गरेको व्यक्ति मध्ये कम्तिमा दश वर्षको अनुभव हासिल गरेको - सदस्य

(ग) बोर्डका प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(३) उपदफा (२) को खण्ड (ख) बमोजिम सदस्यको मनोनयन बोर्ड वा अध्यक्षबाट हुनेछ। निजलाई आवश्यकता अनुसार उप-समितिको बैठक बसेको समयमा बोर्डका सदस्यले पाए सरहको यातायात र बैठक भत्ता उपलब्ध गराइनेछ।

(४) अनुगमन उप-समितिको कार्यक्षेत्रगत शर्तहरु (टर्मस अफ रेफेरेन्स) बोर्डले गठन गर्दाका वखत निर्धारण गरे बमोजिम हुनेछ ।

(५) अनुगमन उप-समितिले यस आचारसंहिता बमोजिम पालना गर्नुपर्ने आचरण पालना भए वा नभएको नियमित रुपमा अनुगमन गर्नेछ ।

(६) उपदफा (५) बमोजिम अनुगमन गर्दा अनुगमन उपसमितिले विज्ञापन व्यवसायमा संलग्न व्यक्तिको कार्यालय वा कारोवार स्थलमा भ्रमण गर्न वा कारोवारसँग सम्बन्धित कागजात, विद्युतीय अभिलेख वा अन्य कुनै प्रमाण वा अभिलेखको विवरण माग गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम विवरण माग गरेमा त्यस्तो विवरण उपलब्ध गराई दिई सम्बन्धित व्यक्तिले सहयोग गर्नुपर्नेछ ।

(८) अनुगमन उपसमितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञ, सरोकारवाला वा नागरिक समाजसँग परामर्श गर्न सक्नेछ ।

(९) अनुगमन उपसमितिले आफूले गरेको अनुगमनको प्रतिवेदन प्रत्येक छ महिनामा बोर्ड समक्ष पेश गर्नेछ ।

२८. <u>उजुरीः</u> (१) यस आचारसंहिता विपरित कसैले विज्ञापन प्रकाशन, प्रसारण वा वितरण गरेमा सम्भव भएसम्मका प्रमाणसहित त्यसरी विज्ञापन प्रकाशन, प्रसारण वा वितरण गरेको जानकारी भएको मितिले तीस दिनभित्र जुनसुकै व्यक्तिले बोर्ड समक्ष उजुरी दिन सक्नेछ ।

(२) प्रकाशन, प्रसारण वा वितरण भएको कुनै पनि विज्ञापन यस आचारसंहिता विपरीत छ भनी कुनै पनि माध्यमबाट बोर्डलाई जानकारी गराएमा वा आचारसंहिता

विपरित छ भन्ने बोर्ड आफैंले जानकारीमा लिएमा बोर्डले त्यस्तो सूचनालाई उजुरीको रुपमा ग्रहण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको उजुरी वा उपदफा (२) बमोजिम बोर्डले लिएको जानकारी उजुरीको रुपमा बोर्डले छुट्टै दर्ता किताबमा दर्ता गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको उजुरी दिंँदा उजुरीकर्ताले आफ्नो परिचय गोप्य राख्न चाहेको कुरा खुलाएमा बोर्डले त्यस्ता उजुरीकर्ताको परिचय गोप्य राख्न सक्नेछ।

२९. **उजुरी छानबिनः** (१) बोर्डको कार्यालयले दफा २७ बमोजिम प्राप्त प्रतिवेदन वा दफा २८ बमोजिमको उजुरीको प्रारम्भीक छानबिन गर्नेछ ।

(२) बोर्डको कार्यालयले उपदफा (१) बमोजिम छानवीन गर्दा बोर्डमा प्राप्त उजूरी आधारहीन वा प्रारम्भिक रुपमा नै प्रमाणित हुन नसक्ने देखेमा त्यस्तो उजुरी तामेलीमा राख्न सक्नेछ ।

(३) बोर्डको कार्यालयले उजूरीका सम्बन्धमा विस्तृत जाँचबुझ गर्न आवश्यक देखेमा छानविन समिति गठन गरी थप छानविन गराउन सक्नेछ ।

(४) बोर्डको कार्यालयले उपदफा (१) बमोजिम प्रारम्भीक छानविन गर्दा प्रथम दृष्टिमा नै आचारसंहिताको उल्लंघन भएको पाइएमा त्यस्तो प्रतिवेदन कार्यान्वयन वा उजुरीउपर अन्तिम टुङ्गो नलागेसम्म वा बोर्डबाट अर्को आदेश नभएसम्म त्यस्तो विज्ञापन प्रकाशन, प्रसारण वा वितरणमा रोक लगाउन सक्नेछ।

(५) उपदफा (१) र (३) बमोजिम छानविन गर्दा कुनै विज्ञापनदाता, विज्ञापन एजेन्सी वा सञ्चारमाध्यमउपर कारवाही गर्नुपर्ने देखिएमा बोर्डले त्यस्तो विज्ञापनदाता, विज्ञापन एजेन्सी वा सञ्चारमाध्यमलाई सूचना दिई निजलाई कारवाही किन नगर्ने भनी सात दिनभित्र स्पष्टीकरण पेश गर्न सफाईको उचित मौका दिनुपर्छ।

(६) उपदफा (५) बमोजिम सफाईको मौका दिंँदा निजको विरुद्धमा लागेको आरोप र हुन सक्ने कारवाही समेत उल्लेख गर्नुपर्छ ।

तर जाँचबुझ गर्दा यस आचारसंहिता उल्लघंन गरेको प्रमाण प्राप्त नभएमा त्यस्तो उजुरी बोर्डले तामेलीमा राख्न सक्नेछ ।

(७) उपदफा (५) बमोजिमको अवधिभित्र स्पष्टिकरण पेश नगरेमा वा पेश गरेको स्पष्टिकरण सन्तोषजनक नभएमा बोर्डले दफा ३० बमोजिम कारवाही गर्न सक्नेछ ।

३०. **कारवाहीः** (१) बोर्डले दफा २९ बमोजिम छानविन गर्दा कसैले यस आचारसंहिता उल्लंघन गरेको देखिएमा बोर्डले उल्लंघनको गम्भीरताका आधारमा सम्वन्धित उल्लंघनकर्तालाई देहायको कुनै एक वा एक भन्दा वढी कारवाही गर्ने निर्णय गर्न सक्नेछ,

(क) आचारसंहिता विपरितको विज्ञापन उत्पादन, वितरण, प्रकाशन वा प्रसारणमा रोक लगाउने,

(ख) सार्वजनिक रुपमा क्षमायाचना गर्न निर्देशन दिने,

(ग) सम्बन्धित सञ्चारमाध्यमलाई वर्गीकरणको प्रक्रियाबाट अलग गर्न पत्राचार गर्ने,

(घ) सम्बन्धित सञ्चारमाध्यम वा विज्ञापन एजेन्सीको सूचीकरणमा रोक लगाउने वा सूचीकरणमा समावेश भई सकेको भए सूचीकरणबाट हटाउने,

(ङ) बोर्डबाट उपलव्ध गराईने लोककल्याणकारी विज्ञापन निश्चित अवधि तोकी बढीमा दुई वर्षसम्मको लागि प्राप्त गर्नबाट रोक लगाउने,

(च) सरकारी वा सार्वजनिक निकायबाट उपलब्ध गराइने कुनै विज्ञापन वा सुविधा वढीमा दुई वर्षसम्मको लागि उपलब्ध नगराउन सम्वन्धित निकायलाई सिफारिस गर्ने,

(छ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा सार्वजनिक निकायबाट दिने सेवा सुविधामा सहभागी नगराउन सम्वन्धित निकायलाई सिफारिस गर्ने,

(ज) पटक-पटक आचारसंहिता गम्भीर रुपमा उल्लंघन गर्ने व्यक्तिलाई बढीमा तीन बर्षसम्म कालोसूचीमा राख्न सम्वन्धित निकायमा सिफारिस गर्ने,

(२) बोर्डले यस आचारसंहिताको कार्यान्वयनका सम्बन्धमा गरेको निर्णय, निर्देशन वा सम्बन्धित विज्ञापनदाता, विज्ञापन एजेन्सी वा सञ्चारमाध्यमले वा विज्ञापन व्यवसायमा संलग्न व्यक्तिले पालना गर्नु पर्नेछ र त्यसको पालना नगरी अवज्ञा गरेमा

त्यस्तो व्यक्तिलाई बोर्डले सचेत गराउन तथा यस आचारसंहिता तथा कानून बमोजिम कारवाही गर्न सक्नेछ ।

(३) बोर्डको आदेश, निर्णय वा निर्देशन अवज्ञा गर्ने वा आचारसंहिता उल्लंघन गर्ने व्यक्तिलाई बोर्डले आचारसंहिता उल्लंघनकर्ताको सूचीमा राखी सोको विवरण तत्काल वा आवश्यकताअनुसार सार्वजनिक गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको सूचीमा परेको व्यक्तिले क्षमायाचनासहित त्यस्तो सूचीबाट हटाउन माग गरी बोर्ड समक्ष निवेदन दिएमा बोर्डले त्यस्तो सूचीबाट हटाउन सक्नेछ ।

३१. **निर्णय तथा निर्णय कार्यान्वयनः** (१) बोर्डले आवश्यक ठानेमा निर्णय गर्नु अघि उजुरीकर्ता र आरोपित दुवै पक्षलाई झिकाई छलफल गराउन सक्नेछ ।

तर दफा २८ को उपदफा (४) बमोजिम उजुरीकर्ताको विवरण गोप्य राखिएकोमा छलफल गराउन आवश्यक हुनेछैन ।

(२) बोर्डले विज्ञापनसम्बन्धी व्यवसाय गर्ने व्यक्तिले विज्ञापनको उत्पादन, वितरण, प्रकाशन वा प्रसारण सम्बन्धमा लिएको स्वीकृति, अनुमति वा इजाजतपत्रमा उल्लिखित शर्त विपरित कुनै काम गरेको वा गर्न लागेको देखिएमा निजले प्राप्त गरेको स्वीकृति, अनुमति वा इजाजतपत्रमा उल्लेखित शर्तको पालनाको लागि निर्देशन दिन र दफा ३० बमोजिमको कुनै कारवाही गर्ने निर्णय गर्न सक्नेछ ।

तर विज्ञापनसम्बन्धी कानूनको उल्लघंन भएको देखिएमा सोही कानूनबमोजिम कारवाहीको प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम बोर्डले दिएको निर्देशन पालना गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

(४) कसैले उपदफा (२) बमोजिम दिएको निर्देशन तथा निर्णयको पालना नगरेमा कानूनबमोजिम आवश्यक कारवाही बोर्डले गर्ने वा सम्बन्धित निकायमा लेखी पठाउनेछ ।

(५) कसैले विज्ञापनदाता, विज्ञापन एजेन्सी वा विज्ञापन प्रकाशक वा प्रसारकबीचको सम्झौता विपरित कुनै काम गरेको देखिएमा सम्झौता उल्लघंन गर्ने पक्षलाई बोर्डले सम्झौताको कार्यान्वयन गर्न निर्देशन दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ र निर्देशन पालना नगरेमा बोर्डले आवश्यक कारवाही गर्ने वा कारवाहीका लागि कानूनबमोजिम सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

## परिच्छेद — १३

## विविध

३२. **<u>सल्लाहकार परिषदः</u>** (१) यस संहिताको कार्यान्वयनमा बोर्डलाई सल्लाह, परामर्श वा सुझाव दिन तथा संहितालाई समय समयमा परिमार्जन गर्न देहाय बमोजिमको एक सल्लाहकार परिषद गठन हुनेछः

(क) अध्यक्ष वा बोर्डले तोकेको एकजना बोर्डको सदस्य — संयोजक

(ख) नेपाल उद्योग, वाणिज्य संघले तोकेको प्रतिनिधि एकजना — सदस्य

(ग) विज्ञापन संघ, नेपालले तोकेको प्रतिनिधि एकजना — सदस्य

(घ) मिडिया सोसाइटीले तोकेको प्रतिनिधि एकजना — सदस्य

(ङ) मिडिया एलाइन्सले तोकेको प्रतिनिधि एकजना — सदस्य

(च) उपभोक्ता सम्बन्धी संस्थाहरु मध्ये बोर्डले तोकेको संस्थाका प्रतिनिधि एकजना — सदस्य

(छ) बोर्डका प्रमुख प्रशासकीय अधिकृत — सदस्य सचिव

(२) सल्लाहकार परिषदको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) सल्लाहकार परिषदको बैठक संयोजकसँग परामर्श गरी सदस्य सचिवले तोकेको ठाउँ र समयमा बस्नेछ ।

(४) सल्लाहकार परिषदको बैठकमा विज्ञापन उत्पादन, प्रकाशन, प्रसारण वा वितरणका क्षेत्रका विशिष्ट विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) सल्लाहकार परिषद सम्बन्धी अन्य व्यवस्था बोर्डले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

३३. **<u>क्षतिपूर्ति र भुक्तानी गर्न निर्देशन दिनेः</u>** कसैले यस आचारसंहिता विपरित विज्ञापन उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गरेको कारणबाट कसैलाई हानी नोक्सानी पुगेको वा भएको रहेछ र आचारसंहिता उल्लंघन गरेको उजुरी गर्दा क्षतिपूर्ति माग

दावी पनि गरेको रहेछ भने छानविन गर्दा उजुरी मनासिव देखिएमा बोर्डले क्षतिपूर्तिका सम्बन्धमा ऐन बमोजिम कारवाही प्रारम्भ गर्न सक्नेछ।

३४. **उजुरीकर्तालाई प्रसंशा वा पुरस्कार:** उजुरीकर्ताबाट प्राप्त संकलित प्रमाण तथा उजुरी सत्य र तथ्यमा आधारित भई यो संहिता उल्लंघन भएको ठहरिएमा त्यस्तो उजुरकर्तालाई उजुरीउपर छानविन प्रक्रियामा उजुरकर्ताले पुऱ्याएको योगदानका आधारमा बोर्डले प्रोत्साहन स्वरुप प्रशंसापत्र वा प्रमाणपत्र र बढीमा दश हजार रुपैयाँसम्मको नगद पुरस्कार प्रदान गर्न सक्नेछ।

३५. **कानूनबमोजिम कारवाही गर्न वाधा नपर्ने:** यस आचारसंहिताबमोजिम आचरण उल्लघंन हुने बिषय प्रचलित कानूनबमोजिम कुनै फौजदारी कसुर वा देवानी दायित्वको बिषय रहेछ भने त्यस्तो बिषयमा त्यस्तो कानूनबमोजिम मुद्दा चलाउन र कारवाही गर्न सकिने छ र यस संहिताबमोजिम कारवाही गरेको कारणले मात्र त्यसउपर कारवाही गर्न वाधा पुगेको मानिने छैन ।

३६. **व्याख्या गर्ने अधिकार:** (१) यस आचारसंहितामा लेखिएको कुनै बिषय कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भए त्यसको व्याख्या गर्ने अधिकार बोर्डमा रहनेछ ।

(२) उपदफा (१) बमोजिम बोर्डले गरेको व्याख्या सार्वजनिक गर्नु पर्नेछ र बोर्डको विद्युतीय तंरङ्गस्थल (वेभसाइट) मा पनि राख्नु पर्नेछ ।